**नेपाल फाईभ पि अन्तर्राष्ट्रिय प्रदर्शनी**

**चैत्र १० देखी १२ गते सम्म**
**भृकुटीमण्डप, काठमाडौं**

**प्रेस विज्ञप्ति**

मिडिया स्पेस सोलुसन्स प्रा.लि र फ्युचरेक्स ट्रेड फेयर एण्ड ईभेन्टस् प्रा. लि. ले विगतका वर्षहरूझैं यस वर्ष पनि **तेस्रो नेपाल फाईभ पि अन्तर्राष्ट्रिय प्रर्दशनी** (3rd Nepal 5P International Expo 2023) यहि **२०७९, चैत्र १०, ११ र १२ गते** भृकुटीमण्डप, काठमाडौंमा आयोजना गर्न गइरहेको कुरा अवगत गराउन चाहन्छौ। यस आयोजना हुन गइरहेको प्रर्दशनीमा स्वदेशी तथा विदेशी कम्पनीहरूका १५० भन्दा बढी स्टलहरू रहने छन्।

नेपाल फाईभ पी नेपाल अधिराज्यभर रहेका प्लास्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ र प्रोसेसिङ संग सरोकार राख्ने व्यापार व्यवसायहरूलाई एकै ठाँउ ल्याएर ब्यापार साझेदारि, नविनतम प्रविधी प्रदर्शन र संवाद गर्न साझा मंच प्रदान गर्ने एक मात्र उद्योग - व्यापार विषेश अन्तराष्ट्रिय प्रदर्शनी हो। उक्त प्रर्दशनीमा देश भरीबाट बढी भन्दा बढी उद्यमी, अनुसन्धानकर्ता, संघ संस्थाका प्रतिनिधि आदिले प्रर्दशनीमा आधुनिक प्रविधिहरूको अनुसरण गर्ने र जिज्ञासा मेटाउने अवसर मिल्ने कुरामा बिश्वास लिइएको छ।

उक्त प्रर्दशनी मार्फत ति पाँच बिधामा संचालन भएका उध्योग र व्यापार व्यवसायहरलाई निर्यातका नयाँ अवसरहरू, नविनतम प्रविधिसंग सात्क्षात्कार गराउनुका साथै बिभिन्न उध्योगहरूबिच प्रविधि साटासाट र सहकार्य गर्न प्रोत्साहित गर्ने आयोजकले विश्वास लिएका छन्।

यस अन्तरास्ट्रिय प्रदर्शनीमा सह-आयोजकका रूपमा **नेपाल मुद्रण उद्योग महासंघ** तथा सहयोगी संस्थाको रूपमा **नेपाल कोरोगेटेड बक्स उत्पादक संघ** रहेका छन् ।

यस प्रदर्शनिमा प्लास्टिक प्रोसेसिङ् मसिनरीका उत्पादकहरू, स्क्रिन प्रिन्टिङ्, ईन्डक्सन मोल्डिङ् मसिन, प्रिन्टिङ् मसिन, टेप, प्लास्टिक हिटर, अफिस स्टेशनरी मसिनरी, प्रिन्टिङ् स्पेर पार्टस, पेपर मसिनरी, पेपर कप मसिनरी, सबै खालका कागज र स्पेर पार्टस, प्याकेजिङ् मसिनरी, लेबल उत्पादक, कोरूगेटेड बक्स उत्पादक लगायतका संस्थाहरूको सहभागिता रहने छ ।

“सप्लायर्स र उत्पादकहरूको साझा मंच मात्र नभएर नेपाल फाईभ पीले समृद्द नेपालको रेखांकनमा पनि उत्तिकै योगदान पुर्याउनका साथै संसार भरिका उत्कृष्ट प्रविधि र प्रयासहरूलाई भित्राउने छ”, नेपाल फाईभ पि एक्स्पो का आयोजकले दावि गरेका छन् ।